**आकाशवाणी समाचार- नेपाली**
मितिः ३० मार्च २०२६
समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- चुनाव आयोगले पश्चिम बंगाल विधानसभाचुनावको पहिलो १५२ सीटका लागि आज अधिसूना जारी गर्नेछ।

- चुनाव आयोगले चुनाव अघि ठूलो कारवाही गर्दै राज्यका १७० पुलिस थाना प्रळारीहरूलाई हटाईदिएको छ।

- भाजपा विधायक तथा विपक्षी दलका नेता शुभेन्दु अध्किारीले आज नामाकंन पत्र दार्जा गर्ने संभावना छ।

- दार्जीलिङ पहाड़मा लगातार वर्ष जारी छ।

**पशिमच बंगाल अधिसूचना**

चुनाव आयोगले पश्चिम बंगाल विधानसभा चुनावको प्रथम चरणको १५२ विधानसभा सीटका लागि आज अधिसूचना जारी गर्नेछ। यसका साथै उम्मेद्वारहरूले नामाकंन पत्र भर्ने प्रक्रिया शुरू हुनेछ। यसका साथै उम्मेद्वारहरूले नामाकंन पत्र भने प्रक्रिया शुरू हुनेछ। उम्मेद्वारहरूले ०६ अप्रेल सम्म नामाकंन पत्र भर्न सक्नेछ। नामाकंन पत्रको जाँच ७ अप्रेलको दिन गरिनेछ। तथा ९ अप्रेलसम्ममा नामाकंन पत्र फिर्ता लिन सकिन्छ।

**बाईट**

**आईजीजेएफ**

इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएम) ले आगामी विधानसभा चुनाउका लागि आफ्ना उम्मेदवारहरूको नाम घोषणा गरेको छ। हिजो सोनादा स्थित इन्टेकमा श्रमदानद्वारा निर्माण भइरहेको उन्मुक्ति पुलको अन्तिम ढलाईसँगै आईजीजेएफले उम्मेदवारहरूको घोषणा गरेको हो|दार्जिलिङ विधानसभा क्षेत्रबाट पार्टीका केन्द्रिय संयोजक अजय एडवर्ड्स आफै चुनाउ मैदानमा उत्रेका छन्| त्यसरी नै खरसाङ विधानसभा क्षेत्रबाट अधिवक्ता बन्दना राईलाई टिकट दिइएको छ भने कालेबुङ विधानसभा क्षेत्रबाट पूर्व जिल्लाधिकारी भेर्नोन ब्रिटो लेप्चालाई उम्मेदवार बनाइएको छ। आईजीजेएफले पहाडका तीनवटा विधानसभा समष्टिहरु लगायत तराई डुवर्समा पनि आफ्ना उम्मेदवारहरु उठाएका छन्| आईजीजेएफले मतिगढा नक्सलबारी विधानसभा क्षेत्रबाट निमेष सुन्दास र सिलगढी विधानसभा क्षेत्रबाट कृष्णनन्द सिंहलाई उम्मेदवार घोषणा गरेको छ। यस अतिरिक्त, डुवर्स क्षेत्रका नगरकट्टा विधानसभा क्षेत्रबाट रञ्जित खेस र मालबजार विधानसभा समष्टिबाट चन्दन लोहरालाई उम्मेदवार घोषणा गरेको छ। आईजीजेएफले भारतीय जनता पार्टी र तृणमूल कांग्रेस जस्ता राष्ट्रिय राजनीतिक पार्टीहरुलाई समर्थन नगरेर क्षेत्रीयता बचाउन पार्टी उम्मेदवारहरूलाई आह्वान गरेको छ।

**पश्चिम बंगाल - अधिकारीहरूको बर्खास्तगी**

पश्चिम बंगालमा ठूलो प्रशासनिक फेरबदलमा, निर्वाचन आयोगले भवानीपुर र नन्दीग्राम जस्ता महत्वपूर्ण विधानसभा क्षेत्रहरूसहित राज्यभरका १७० पुलिस थानाका प्रभारी अधिकारीहरू (ओसी) लाई हटाएको छ।मुख्य निर्वाचन अधिकारी विभागको सिफारिसको आधारमा, आयोगले ११ वरिष्ठ अधिकारीहरू सहित कुल १८४ पुलिस अधिकारीहरूको सरुवा र पदस्थापनालाई अनुमोदन गरेको छायो फेरबदल राज्यभरि, उत्तरदेखि दक्षिण बंगालसम्म गरिएको छ, जसले कुचबिहार, अलिपुरद्वार, मालदा, मुर्शिदाबाद, उत्तर र दक्षिण २४ परगना, हावडा, हुगली, र पूर्व र पश्चिम मिदनापुर जस्ता जिल्लाहरूलाई असर गर्छ। कोलकाता पुलिस क्षेत्राधिकार भित्र, धेरै प्रभारी अधिकारीहरूलाई बदलिएको छ, जबकि नन्दीग्राम, खेजुरी र चण्डीपुर जस्ता राजनीतिक रूपमा संवेदनशील क्षेत्रहरूमा नयाँ अधिकारीहरू तैनाथ गरिएको छ। आयोग स्रोतका अनुसार, यो व्यापक तैनाथी कडा कानून व्यवस्था कायम राख्न र मतदान प्रक्रियाको क्रममा पूर्ण निष्पक्षता सुनिश्चित गर्ने उद्देश्यले गरिएको हो। निर्वाचन आयोगले स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न कुनै पनि प्रकारको लापरवाही सहन नहुने स्पष्ट निर्देशन दिएको छ

**WB - वोटर लिस्ट**

चुनाव आयोगले हिजो राति पश्चिम बंगालको चौथो सप्लीमेंट्री वोटर लिस्ट जारी गरेको छ|यद्यपि, नयाँ सूची जारी भए पनि अझै पनि थप गरिएको र मेटाइएको नामहरूको सही संख्याको बारेमा स्पष्ट भएको छैन। आयोगका सूत्रहरुको अनुसार, हिजको लिस्टमा लगभग 2 लाख नयाँ वोटरहरुको नाम समावेस छ । यसको साथै , चारै सप्लीमेंट्री लिस्टलाई मिलाएर अहिलेसम्म लगभग 35 लाख नाम प्रकाशित गरिसकिएको छ । यसै बीच , चुनाव आयोगबाट प्राप्त रिपोर्ट अनुसार, अहिलेसम्म लगभग 40 लाख नामहरुको प्रोसेसिंग पुरा भइसकेको छ । तर , ई-साइन वेरिफिकेशन (e-sign verification) अधूरो हुनको कारण, यीमध्ये कयौ नाम अहिलेसम्म प्रकाशित लिस्टमा समावेस हुन् सकेको छैन ।

**संदीपन (byte )**

**अमर लामा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खरसाङ विधानसभा समष्टिका प्रार्थी अमर लामाले हिजो नेहरू बालासनका चिया श्रमिकहरुसँग भेट गरी संवाद गर्नुभएको छ । उहाँले आफु विरुद्ध पूर्वाग्रहले ग्रसित भएर अमर लामाले चिया बगान जीटीएमा पर्दैन भन्ने जस्ता भ्रामक कुरा फैलाएकोमा तीव्र क्षोभ व्यक्त गर्नुभएको छ ।उहाँले भन्नु भयो , "मैले जति नै स्पष्टीकरण दिए तापनि मन नपर्ने मान्छेको लुगा गनाउँछ भन्छन्, त्यस्तै हुनेछ। तर, मैले श्रमिकहरुको हितको निम्ति काम गरेको धेरै भयो।

**पश्चिम बंगाल चुनाव - विपक्षी नेताको**

विपक्षी दलका नेता शुभेन्दु अधिकारीले आज नन्दीग्राम विधानसभा क्षेत्रबाट आफ्नो नामांकन दर्ता गर्नुहुनेछ ।उहाँले हिजो कोलकातामा बताउनुभयो आज दिउँसो १२:०० बजे हल्दियामा आफ्नो नामांकन पत्र बुझाउनुहुनेछ।यस अवसरमा केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधान, उत्तर प्रदेशका मन्त्री जे.पी.एस. राठौर र पूर्व भाजपा प्रदेश अध्यक्ष दिलीप घोष उपस्थित हुने अपेक्षा गरिएको छ।श्री शुभेन्दु अधिकारीले आधिकारिक रूपमा भाजपा प्रदेश अध्यक्ष समिक भट्टाचार्यबाट चुनाव चिन्ह प्राप्त गर्नुभयो। यस अवसरमा भट्टाचार्यले पश्चिम बंगालमा लोकतान्त्रिक अधिकारको निरन्तर उल्लङ्घनको आरोप लगाउँदै विपक्षीको विरोध गर्ने संवैधानिक अधिकारलाई दबाइएको बताउनुभयो|उहाँले भन्नुभयो - शुभेन्दु अधिकारीले र्‍यालीहरू गर्न १०४ पटक भन्दा बढी अदालतमा जानुपरेको थियो र लगभग ११ महिनासम्म विधानसभाबाट निलम्बन गरिएको थियो। भट्टाचार्यले २०२१ मा विजयी भएपछि अधिकारीमाथि भएका आक्रमणहरूको पनि सम्झना गर्नुभयो र दाबी गर्नुभयो अधिकारीले नन्दीग्राममा तृणमूल कांग्रेसलाई कडा चुनौती दिइरहेका छन्।

**एसआईआरमा नाम डिलिट भएपछि मानिसहरूमा व्यापक असन्तुष्टि**

मतदाता विशेष गहन पुनरीक्षण (एसआईआर) विषयलाई लिएर हिजो केही पीडित व्यक्तिहरुले पत्रकार सम्मेलन गरेर मतदाता सूचीबाट आफ्नो नाम काटिएको विषयमा तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरुले केन्द्रिय गृहमन्त्री लगायत दार्जिलिङका सांसद राजु विष्ट र जीटीए प्रमुख कार्यपाल अनित थापा समक्ष न्यायको निम्ति गुहार लगाएका छन्। खरसाङका एक परिचित व्यक्ति, सामाजिक कार्यकर्ता फिरोज अख्तर उर्फ बब्लुले एसआईआरमा खरसाङ नगरपालिकाका 20 वार्डबाट मात्र 473 जनाको नाम काटिएको जानकारी गराउनुभएको छ। उहाँले नाम काटिएकाहरू के उनीहरू सबै बंगलादेशी रोहिंगाहरु हुन् भनी प्रश्न तेर्साएका छन्। उहाँले कोभिड महामारीको समयमा कागजपत्र नभएका मानिसहरूको पक्षमा आवाज उठाउँदै उनीहरूलाई टिका लगाइदिने कार्य गरेको बताउनुभयो। यसैगरी, एसआईआर प्रक्रिया अवधि पनि धेरैलाई मद्दत पुर्‍याएको बताउनुभयो, तर भोटर लिस्टबाट आफ्नै नाम डिलिट भएको देख्दा आश्चर्य लागेको उहाँले बताउनुभएको छ ।उहाँले प्रश्न गर्नुभयो-, नाम काटिएको पीडामा यदि कसैले आत्महत्या गरे त्यसको जिम्मा कसले लिनेछ ? उहाँले आज यही विषयलाई लिएर खरसाङ महकुमा शासकलाई भेट्ने कार्यक्रम रहेको जानकारी दिंनुहुँदै आज बिहान सबै पीडितहरु र खरसाङ विधानसभाका सबै प्रार्थीहरुलाई आइदिने अपील गरेका छन् ।खरसाङ नगरपालिकाको वार्ड नम्बर 11 का पूर्व नगरपार्षद, जीटीएका पूर्व बीओए सदस्या

एवं आकाशवाणी खरसाङमा एक उद्घोषिकाको रुपमा 32 वर्ष सेवा दिएर अवकाश ग्रहण गरेकी जैतुन निशा हुसेन उर्फ शशीको नाम पनि सूचीबाट डिलिट भएको छ।उहाँले आश्चर्य व्यक्त गर्दै आफुसित चाहिएका सबै कागजपत्र रहेको, तरै पनि आफ्नो नाम डिलिट भएकोमा दु:ख व्यक्त गरिन्।अर्कोतिर एसआईआर प्रक्रियामा आफ्नो सेवा दिएकी एक सरकारी कर्मचारी खरसाङ खण्ड अन्तर्गत घैयाबारी एक ग्राम पञ्चायतकी कार्यकरी सहायक मोना स्याङदेन खानको नाम पनि भोटर लिस्टदेखि डिलिट थाहा लागेको छ। उहाँले आफु एक सरकारी कर्मचारी रहेको र एसआईआरको प्रक्रियामा आफ्नो अधिन 6 वटा ब्लक परेको अवगत गराइन्। सबै बीएलओहरुले निष्ठापूर्वक काम गरेको भए तापनि एसआईआर प्रक्रिया एकदमै हतारमा गरिएकाले बीएलओहरुलाई पनि धेरै चाप परेको बताइन।

**शब्द समयको १५२ औँ प्रकरण सम्पन्न**

सालबारीको जयशोदा भवनमा शब्द समय सालबारीको १५२औँ प्रकरण सम्पन्न भएको छ। यस प्रकरणमा लेखक कविहरू क्रमैले आईएन शर्मा, बिर्ख खड्का 'डुवर्सेली', कृष्ण प्रधान 'अर्पण', जीतबहादुर सुनार, देविका मङ्ग्रान्ती, कविता अधिकारी, मणिका प्रधान गुरुङ, पूर्ण मगर, गणेश छेत्री, प्रदीप शेर्पा, हेमन्त काफ्ले, नीरा सुब्बा नेचाली, कप्तान महेशकुमार सुब्बा, भाष्कर शर्मा मैनाली, एनपीएस निरौला, आदिले कथा, कविता वाचन गरेका थिए ।कार्यक्रममा आफ्नो उद्घाटनीय वक्तव्य राख्नु हुदै कवि, समालोचक डा. प्रा. सञ्जय बान्तवाले साहित्यकर्मको उद्देश्य, औचित्य र समाजमा यसको अवदानमाथि प्रकाश पार्नु भएको थियो |लेखक, राजनीतिक चिन्तक डीएस बमजनले शब्द समयले अहिलेसम्म गरेका कार्यको प्रशंसा गर्नुहुदै लेखकहरू आफ्ना भाषा, साहित्य, समाज, जातिमाथि थप दायित्वशील बन्नुपर्ने बताउनु भयो । कवि एवम् शब्द समयका संयोजक निर्मल सिन्चुरीले सञ्चालन गरेको यस कार्यक्रममा सिक्किमेली कवि भूमिका राई, गायक-सङ्गीतकार बद्री खरेल, साहित्यअनुरागी ठाकुरप्रसाद भट्टराई लगायत अन्य उपस्थित रहेका थिए। उल्लेखनीय छ, सन् २०१३ को बुद्ध जयन्तीदेखि शब्द समय सालबारीले प्रत्येक महिनाको अन्तिम शनिवार साहित्यिक कार्यक्रम आयोजन गर्दै आइरहेको छ, जो हालसम्म निरन्तर चलिरहेको छ भने यसै वर्षको जनवरी महिनामा शब्द समयले कथाअङ्कका रूपमा शब्द समय पुस्तक पनि प्रकाशित गरिसकेको छ।

**समुद्रमा डूबनले अभिनेता राहुल अरुणोदय बनर्जीको निधन, बांग्ला फिल्म जगतमा शोकको लहर**

बांग्ला फिल्म र धारावाहिक जगतका चिरपरिचित अभिनेता राहुल अरुणोदय बनर्जीको हिज ओडिशाको तालसारी समुद्र तटको नजिक एक दुर्घटनामा निधन भएको छ । उहाँ 42 वर्षका थिए । जानकारी अनुसार, राहुल आफ्नो चलिरहेको धारावाहिकको शूटिंगको सिलसिलामा दिघाको नजिक तालसारी समुद्र तटमा मौजूद थिए। शूटिंगको अवधि उहाँ एक दृश्यको लागि समुद्रमा उत्रेका थिए त्यहि समय यो दुर्घटना घटेको बताइएको छ। उहाँलाई तुरन्तै दिघा अस्पताल पुराइएको थियो जहाँ उहाँलाई चिकित्सकहरुले पहिले नै मृत घोषित गरिदिए । प्रारंभिक जानकारी अनुसार उहाँ कयौ मिनटसम्म पानी भित्र रहेका थिए ।अभिनेता राहुल बनर्जीको असामयिक निधनले बांग्ला कला जगतमा शोकको लहर छाएको छ |

**मौसम (बंगाल )**

मौसम विभागले उत्तर बंगालको लागि , सोमवार र बुधवार 'येलो अलर्ट' जारी गरेको छ , जबकि मंगलवारको लागि 'ऑरेंज अलर्ट' जारी गरेको छ। दार्जिलिंग, जलपाईगुड़ी, कलिम्पोंग, अलीपुरद्वार र कूचबिहारमा मेघगर्जनको साथ बर्षा हुने संभावना व्यक्त गरेको छ। मौसम विभागले मंगलवार जलपाईगुड़ी, दार्जिलिंग र कूचबिहारमा असिनापानी हुने संभावना व्यक्त गरेको छ।

****** ० ******